नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पाँचथर, फिदिम

पत्र सख्या:
चलानी नं.

मिति २०७८।०२।२४

## पाँचथर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वभर फैलदैं गईरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा छिमेकी जिल्लाहरुमा समेत संक्रमण तीव्ररुपमा बढिरहेको र कोभिड- १९ को संक्रमणको अवस्थालाई मध्यनजर गरी फैलावटको चेन ब्रेक गर्ने आवश्यक देखिएको पाँचथर जिल्लामा हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागिसंक्रामक रोग ऐन, २०२० को दफा-२ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा-६ को उपदफा-३ र कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ बमोजिम प्रमुख जिल्ला अधिकारीलाई दिएको अधिकार प्रयोग गरि **मिति २०७८।०२।२४ गते सोमवार मध्यराती १२ बजे देखि मिति २०७८।०२।३१ गते सोमवार मध्यराती १२ बजे सम्म पाँचथर जिल्लाभर लागू हुने** गरी देहाय बमोजिमको **निषेधाज्ञाको आदेश चौथो** पटक जारी गरि निशेधाज्ञा आदेशलाई थप कडाईका साथ निरन्तरता दिईएको छ। यो आदेशको पालना गर्नु/ गराउनु सबै व्यक्ति, संघसंस्था पेशाकर्मी व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ। यो आदेशको उल्लघंन गरेमा **संक्रामक रोग ऐन, २०२० र कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश,** २०७८ तथा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

देहाय:-

**सर्वसाधरणको हकमा**

- अत्यावश्यक काम तथा औषधी उपचार प्रयोजन बाहेक घरबाट बाहिर ननिस्किने।
- नेपाल सरकारद्धारा जारी गरिएका स्वास्थ्य सम्बन्धी मापदण्ड जस्तै:- सामाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्डहरु, जस्तै: साबुन पानीले हात धुने, मास्क र सेनिटाईजरको प्रयोग अनिवार्य रुपमा गर्ने।
- हाट वजार, मेलाजात्रा, महोत्सव, पार्टी, भोज लगायतका भिडभाड हुने कार्य नगर्ने एवं नगराउने।
- COVID-19 को लक्षण देखिएका वा अन्य यस्तै किसिमको स्वास्थ्य समस्या देखिएमा स्थानीय तह वा कोभिड-१९ उपचार केन्द्रमा सम्पर्क राख्ने।

**सरकारी/ सार्वजनिक कार्यालय तथा बैंक/ वित्तीय/सहकारी/ बिमा संस्था संचालनसम्बन्धमा**

- सरकारी र सार्वजनिक कार्यालयहरुले अत्यावश्यक सेवा वाहेक अन्य नियमित सेवाहरु स्थगन गर्ने।
- पाँचथर जिल्लास्थित सरकारी र निजी बैंक/ वित्तीय संस्था, सहकारी र बिमा संस्थाहरुले कोभिड-१९ को संक्रमणको चेन ब्रेक गर्न हप्ताको २ दिन (सोमबार र बिहिबार) दिनको ११ बजे देखि २ बजेसम्म खुल्ला गरी सिमित कर्मचारीबाट सञ्चालन गर्ने।

०७८/२/२४

पुण्य प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पाँचथर, लिम्बुवान

- सहकारी संस्थाहरुले घर,पसल तथा समूहमा गई बचत रकम जम्मा गर्ने कार्य हाललाई स्थगित गर्ने ।

**पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमा**

- दैनिक अत्यावश्यक पर्ने फलफूल, दुध तथा दुग्धजन्य पदार्थहरु, तरकारी पसलहरु, खाद्यान्न, खाना पकाउने ग्यास पसलहरु विहान ०५:०० बजेदेखि बिहान ०९:०० बजेसम्म खोल्ने र अन्य पसल व्यवसायहरु मिति २०७८।०२।२४ गते सोमवार मध्यराती १२ बजे देखि मिति २०७८।०२।३१ गते सोमवार मध्यराती १२ बजे सम्म एक हप्ताको लागिपूर्ण रुपले बन्द गर्ने ।
- निर्माण आयोजनाहरु सञ्चालनको लागि आवश्यक पर्ने निर्माण सामाग्री खरिद, बिक्री र ढुवानीको लागि बिहान ५ बजे देखि ९ बजेसम्म Time Card को प्रयोग गरी सञ्चालनको व्यवस्था मिलाउने । निर्माण सामाग्री बिक्री गर्ने पसलहरु बिहान ५ बजे देखि ९ बजेसम्म मात्र खोल्ने ।
- होटल तथा रेष्टुरेन्टहरुमा भेटघाट तथा जम्मा हुने गरी सेवा प्रदान गर्न नपाइने तथा मदिराजन्य पदार्थको बिक्री बितरणलाई पूर्ण रुपमा निःषेध गर्ने ।
- सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्यूटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद (ब्याडमिन्टन, फूटबल तथा भलिबल आदि) पुस्तकालय, संग्रहालयआदि सञ्चालन गर्न नपाईने ।

**सवारी साधन सञ्चालन सम्बन्धमा**

- अत्यावश्यक सेवाहरु वाहेकका सबै प्रकारका सार्वजनिक एवं निजी सवारी साधन (चारपाङ्ग्रे तथा दुईपाङ्ग्रे) **मिति २०७८।०२।२४ गते सोमवार मध्यराती १२ बजे देखि मिति २०७८।०२।३१ गते सोमवार मध्यराती १२ बजे सम्म** पाँचथर जिल्लाभर सञ्चालनमा पूर्णरुपले रोक लगाउने ।
- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, ईन्धन तथा लुब्रिकेन्ट, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध, तथा दुग्धजन्य पदार्थ, पशुपंक्षी तथा पशुपंक्षीजन्य पदार्थ, मासु तथा मासुजन्य बस्तु बोकेको सवारी साधन, बैंक वित्तिय संस्था, रेडक्रस, दुरसञ्चार, विद्युत, ईन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोर मैला व्यवसथापन, कुरीयर तथा डाक सेवा लगायतका सवारी साधनहरु विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

**उद्योग, कल-कारखाना र निर्माण कार्य संचालन सम्बन्धमा**

- हाल कोभिड - १९ को संक्रमण यस जिल्लामा व्यापक रुपमा फैलिएको कारण विकास निर्माण आयोजनाहरु सञ्चालन गर्दा स्वास्थ्य सुरक्षाका सबै मापदण्डहरु पुर्ण रुपमा पालना गरी जिल्ला प्रशासन कार्यालय पाँचथरको स्विकृति लिई सञ्चालन गर्ने गराउने तथा निर्माणसँग सम्बन्धित कामदारहरुलाई आवश्यक परेमा PCR/ Antigen परिक्षण गरी स्वास्थ्य सुरक्षाको मापदण्ड पुर्ण रुपमा पालना गर्ने गराउने जिम्मेवारी सम्बन्धित आयोजना र निर्माण कम्पनिले मिलाउने ।

पुण्य प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## पाँचथर, फिदिम

- निर्माणसँग सम्बन्धित कामदारहरुको पहिचानको लागि सम्बन्धित निर्माण कम्पनीहरुले निर्माण कामदार परिचय पत्र प्रयोग गर्ने गरी जारी गर्ने र सो को जानकारी स्थानीय प्रशासनलाई उपलब्ध गराउने ।
- व्यक्तिगत संरचनाहरु निर्माण कार्य गर्दा समेत स्वास्थ्य सुरक्षाको पूर्ण पालना गरी निर्माण गर्ने तथा कामदारलाई स्वास्थ्य सुरक्षा मापदण्ड पालना गराउने जिम्मेवारी सम्बन्धित संरचना धनिको हुनेछ । कामदारहरुलाई अनिवार्य परिचयपत्र उपलब्ध गराउनु पर्नेछ ।

**विवाह तथा मृत्यु संस्कार सम्बन्धमा**

- विवाहको लागि दुलाहा दुलही सहित बढिमा २ वटा सवारी साधनमा १० जनासम्म व्यक्ति व्यानर राखेर स्वास्थ्य मापदण्को पालना गरी जिल्ला भित्र वा अन्य जिल्लामा आवत जावत गर्नु पर्दा अनुमति पास आवश्यक नपर्ने ।
- मृत्यु संस्कार, बिरामी कुरुवाको रुपमा अनिवार्य सहभागी हुनु पर्ने व्यक्तिले अन्य जिल्लामा जानु पर्दा सम्बन्धित व्यक्तिले उक्त व्यहोरा खुल्ने कागजात (निवेदन, अस्पतालको कागजात वा सम्बन्धित स्थानीय तहको सिफारिस) सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिका लागि निवेदन पेश गर्नु पर्ने ।

**सीमा नाका सम्बन्धमा**

- विश्व व्यापी रुपमा फैलिदै गईरहेको कोभिड-१९ संक्रमण अत्याधिक बढिरहेकोले सोको नियन्त्रणका लागि पाँचथर जिल्लाको सीमा नाकाबाट विदेशी नागरिकको प्रवेश स्थगन गर्ने । आपूर्ति प्रणाली सुचारु राख्न सीमा नाका यथावत सञ्चालन गर्ने । आपूर्ति प्रणाली सम्बद्ध ढुवानी साधनका चालक र सहचालकलाई स्वास्थ्य मापदण्ड पालना गर्ने गरी आवत जावत गर्न दिइने ।
- पाँचथर जिल्लाको सीमा नाकाबाट प्रवेश गर्ने नेपाली नागरिकहरुको अभिलेख राख्ने, एन्टिजेन परीक्षण गर्ने, परीक्षणबाट पोजिटिभ देखिएकालाई आवश्यकता अनुसार नजिकको आइसोलेसन केन्द्र वा कोभिड अस्पतालमा थप उपचार गराउने, नेगेटिभ देखिएकालाई आवश्यक समन्वय गरी निजको गन्तव्यमा पठाउने व्यवस्था मिलाउने । यसको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउने ।

**सभा सम्मेलनको हकमा**

- सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार, भेलाजम्मा जस्ता कार्यहरु संचालन गर्न नपाइने ।

**सञ्चार माध्यमको हकमा**

- सञ्चारकर्मी/ पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना बिभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित संचार गृह वा पत्रकार महासंघको परिचयपत्रको आधारमा आवत जावत गर्न दिईने ।

२०७८/१/२८

पुण्य प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पाँचथर, फिदिम

विविध

- अत्यावश्यक उपयोग्य बस्तु वा सेवाको आपूर्तिमा कृतिम अभाव सिर्जना गर्ने, मूल्य वृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कडा कारवाही गर्ने।
- आदेशको अवहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० र कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ बमोजिम तथा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।
- कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ मा भएको कसुर तथा सजाय समबन्धि व्यवस्था संचार माध्यम मार्फत सबै आम नागरिकलाई सार्वजनिक गर्ने :

❖ क.दफा १९. कसूर तथा सजाय:

(१) कसैले यो अध्यादेश बमोजिमको कुनै काम गर्न बाधा अवरोध सिर्जना गरेमा एक वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । कसैले यो अध्यादेश बमोजिम जारी भएका मापदण्डको पालना नगरेमा छ महिनासम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

❖ ख. दफा २१. जरिवाना गर्न सक्ने :

(१) यस अध्यादेश बमोजिम दिइएको आदेश उल्लंघन गरेमा प्रमुख जिल्ला अधिकारीले तत्काल देहाय बमोजिम जरिवना गर्न सक्नेछ।

अ. कुनै व्यक्तिले उल्लङ्घन गरेमा एकलाख रुपैयाँसम्म आ. कुनै संस्थाले उल्लङ्घन गरेमा पाँचलाख रुपैयासम्म।

(२) कसैले देहाय बमोजिमको कार्य गरे गराएमा सुरक्षाकर्मीले देहाय बमोजिम तत्काल जरिवाना गर्नेछ: क. मास्क नलगाई सार्वजनिक स्थलमा आवतजावत गरेमा पटकै पिच्छे एक सय रुपैयाँ,

- ख. मानिसको आवतजावतमा रोक लगाइएको वा नियन्त्रण गरिएका अवस्थामा सोको उल्लङ्घन गर्नेलाई पटकै पिच्छे दुई सय रुपैयाँ, ग. सवारी साधनको आवतजावतमा रोक लगाएको अवस्थामा सम्बन्धित अधिकारीको अनुमति विना वा सुरक्षाकर्मीलाई सूचना नदिई वा • विरामी ओसारपसार गर्ने अवस्थामा बाहेक सवारी साधन चलाएमा पटकै पिच्छे दुई पाङ्ग्रे सवारी साधन भए दुई हजार रुपैयाँ र अन्य सवारी साधन भए पाँच हजार रुपैयाँ।

(३) उपदफा २ को खण्ड (ग) बमोजिमको सवारी साधन सुरक्षाकर्मीले निश्चित समयसम्म नियन्त्रणमा लिनेछ।

२०७८/२/१८

पुण्य प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी